# स्थानीय राजपत्र

बेनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड-२ | बेनी, | आश्विन २२ गते, २०७७ साल | संख्या ६

## भाग ३

**बेनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालयको सूचना**

## "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि (प्रथम संसोधन), २०७७

"घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ लाई संसोधन गर्न बाञ्छनिय भएकोले, बेनी नगरपालिका, नगर कार्यपालिकाको बैठकले देहाय अनुसार संसोधन गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१)कार्यविधिको नाम "घ" **वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि (प्रथम संसोधन),** २०७७ हुनेछ।

(२)यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ को परिच्छेद-२ मा दफा (५) पछाडि देहाय अनुसारको दफा (६) थप गर्ने र थपिएको यस दफा पछाडि अन्य दफाहरु क्रमश: रहने।

**दफा (६) नामसारी तथा ठाउँसारी**

(१) नामसारी गरी दिने व्यक्तीको निवेदन, बेनी नगर कार्यपालिकाको कार्यालयबाट सम्बन्धित व्यक्तिको फर्मलाई दर्ता गरी प्रदान गरिएको घ वर्गको सक्कल इजाजत पत्र, आन्तरिक राजस्व विभाग/कार्यालयमा सो फर्मका नाममा दिइएको पछिल्लो कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, इजाजत पत्र दर्ता गर्दाका बखतका उपकरण तथा जनशक्ति हस्तान्तरण भएको कागजातको प्रतिलिपि र नामसारी गरी लिने व्यक्तीको नेपाली नागरिकताको प्रतिलिपि सहित अनुरोध भई आएमा एकाघर परिवारमा नामसारी हुँदा रु २००० (अक्षेरुपी दुई हजार रुपैयाँ) र एकाघर परिवार बाहेकमा नामसारी हुँदा रु ५००० (अक्षेरुपी पाँच रुपैयाँ) दस्तुर लिई नामसारी गरिनेछ।

(२) ठाउँसारीको लागि निवेदन, बेनी नगर कार्यपालिकाको कार्यालयबाट सम्बन्धित व्यक्तिको फर्मलाई दर्ता गरी प्रदान गरिएको घ वर्गको सक्कल इजाजत पत्र र आन्तरिक राजस्व विभाग/कार्यालयमा सो फर्मका नाममा दिइएको पछिल्लो कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि सहित अनुरोध भई आएमा ठाउँसारी गर्दा रु ५००० (अक्षेरुपी पाँच हजार रुपैयाँ) दस्तुर लिई ठाउँसारी गरिनेछ।

३. "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ को अनुसूची -५ को बुँदा नं. ३ को खण्ड (क) मा उल्लेखित "ट्रिपर/ट्र्याक्टर १/१ थान" को व्यवस्थालाई "ट्रिपर वा ट्र्याक्टर एक थान" कायम हुने गरी संसोधन गर्ने।

प्रमाणीकरण मिति: २०७७।०६।२२ गते

आज्ञाले
छविलाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत